# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)

# मासिक कार्यसम्पादन पत्र


महिना : नोभेम्बर वर्ष : ४ अंक : ११


## १. अन्तराष्ट्रिय बाल अधिकार दिवसको अवसरमा छलफल कार्यक्रम सम्पन्न :




१९ नोभेम्बर २०२५ कन्सोर्टियम नेपाल, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च तथा जागृति बाल तथा युवा सरोकार नेपालको संयुक्त आयोजनामा 'बाल अधिकारको विद्यमान अवस्था र हाम्रो दायित्व' विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । अन्तराष्ट्रिय बाल अधिकार दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा वक्ताहरूले पारिवारिक अस्थिरता र सामाजिक वातावरणका कारण बालबालिकामा नकारात्मक प्रभाव परेको उल्लेख गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको उपसचिव गीता दाहालले आयोग बालअधिकारको संरक्षण, प्रवर्द्धन र अनुगमनमा प्रतिबद्ध रहेको बताउनुभयो । त्यसैगरी गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष




अर्जुन भट्टराईले बालअधिकार संरक्षण सबै नागरिक समाज संस्थाको प्राथमिकता भएको उल्लेख गर्दै सरकारले बालसुरक्षालाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कन्सोर्टियम नेपालका अध्यक्ष प्रदिप कुमार लामिछानेले स्वागत मन्तव्यराख्नुभएको थियो भने कार्यक्रमका अध्यक्षता बाल प्रतिनिधि आशुतोष कार्कीले गर्नुभएको थियो । छलफलमा केन्द्रीय बाल कल्याण समितिका पूर्व कार्यकारी निर्देशक तथा कन्सोर्टियम नेपालका सल्लाहकार तारक धितालले 'विद्यमान अवस्थामा बालबालिकाको स्थिति र हाम्रो दायित्व' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय बालअधिकार परिषद्का सदस्य-सचिव इन्द्रादेवी ढकालले निराश होइन, आशाको वातावरण बनाउँदै बाल क्षेत्रमा हुने लगानी अझै पर्याप्त नभएको उल्लेख गर्नुभयो । वक्ताहरू शालिग्राम पाण्डे, लीला भुजेल, रामकृष्ण रोय, प्रमिल जयर,



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

पिंकी सिंह राणा, अशोक विक्रम जैरु लगायतले राजनीतिक दलको प्रचारप्रसार, आन्दोलन तथा निर्वाचनका गतिविधिमा बालबालिकाको प्रयोग हुनसक्ने जोखिमबारे सचेत गराउँदै यसको अन्त्यका लागि कठोर कदम चाल्न आग्रह गर्नुभयो ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले संचालन गर्नुभएको कार्यक्रममा देशभरका ५० जिल्लाबाट ११४ जनाको सहभागितामा रहेको थियो ।

## २. अन्तराष्ट्रिय बाल अधिकार दिवसको अवसरका ध्यानाकर्षण :

२० नोभेम्बर २०२५ : जेनजी आन्दोलनपछि देशभर देखिएको संकटका बीच महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नेतृत्वविहिन बन्नु अत्यन्तै दुःखद रहेको र सँगै अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा विज्ञप्ति जारी गर्दै मन्त्रालयलाई नेतृत्वविहिन नराख्न हाम्रो गम्भीर ध्यानाकर्षण सहित कन्सोर्टियम नेपालले अपिल जारी गरेको छ ।

जेनजी आन्दोलनका क्रममा बालबालिका सहभागी भएको, केही स्थानमा विद्यालयमा क्षति पुगेको, साथै बालबालिकाको शिक्षा, विद्यालय पहुँच र सुरक्षित शिकाइ वातावरण सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्ने मन्त्रालय नै नेतृत्वविहिन हुनु चिन्ताजनक रहेको कन्सोर्टियम नेपालले उल्लेख गरेको छ ।

राजनीतिक दलहरूले आयोजना गर्ने विभिन्न सभा-जुलुसमा बालबालिकाको गैरकानुनी रूपमा प्रयोग भइरहेकोतर्फ पनि कन्सोर्टियम नेपालले गम्भीर आपत्ति जनाएको छ । यस्तो संवेदनशील समयमा बालअधिकार संरक्षणमा प्रमुख भूमिका हुने मन्त्रालयमा नेतृत्व नहुँदा बालअधिकार सुनिश्चिततामा चुनौती बढेको हाम्रो भनाइ छ ।

'नेपाल सरकारले कानून तथा नीतिहरूमार्फत व्यक्त गरेका प्रतिवद्धताहरूको कार्यान्वयन पछिल्लो समयमा कमजोर बन्दै गएको देखिन्छ,' हामीले विज्ञप्तिमा उल्लेख गर्दै भनेका छौं, 'बालबालिकाप्रति संवेदनशील हुनुपर्ने यही समयमा मन्त्रालय नै नेतृत्वविहिन हुनु दुःखद हो ।


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

*DAO Registration No. 131-2070*
*SWC Affiliation No. 37795*


**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)**
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM-NEPAL )

### अन्तर्राष्ट्रिय बाल अधिकार दिवस - २०२५
### शुभकामना तथा अपिल

अन्तर्राष्ट्रिय बाल अधिकार दिवस-२०२५ को अवसरमा नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह ( कन्सोर्टियम नेपाल) को तर्फबाट सम्पूर्ण बालबालिका तथा अभिभावक, सरोकारवाला निकायहरू, साझेदार संस्था र समुदायलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं । यस अवसरमा कन्सोर्टियम नेपालले हालै देशभर आयोजन गरिएको भेला, अन्तरक्रिया तथा छलफल कार्यक्रमहरूमा प्राप्त तथ्याङ्क, प्रत्यक्ष अनुभवका आधारमा नेपालमा बाल अधिकारको अवस्था अझै पनि गम्भीर, चुनौतीपूर्ण र संवेदनशील अवस्थामा रहेको पुष्टि गर्दछ । पछिल्लो समय सार्वजनिक कार्यक्रम, सामाजिक सञ्जाल तथा विभिन्न गतिविधिहरूमा बालबालिकाको जोखिमपूर्ण प्रयोग, अनुचित प्रदर्शन र असुरक्षित सहभागिताका घटना बढ्दै गरेको विषयमा कन्सोर्टियम नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

कन्सोर्टियम नेपाल लोकतन्त्र, सुशासन, मानव अधिकार, सामाजिक उत्तरदायित्व र बालबालिकाको अधिकार तथा अर्थपूर्ण सहभागिताको दृढ पक्षधरका रूपमा विगतदेखि वर्तमानसम्म निरन्तर प्रतिबद्ध रहेको छ । संघीय, प्रदेश र स्थानीय सरकारसँग सहकार्य गर्दै बाल अधिकार तथा बाल सहभागितालाई नीति, कार्यक्रम र व्यवहारमा संस्थागत गर्न कन्सोर्टियम नेपालले महत्वपूर्ण भूमिका निभाउँदै आएको छ ।

वर्तमान राजनीतिक परिस्थितिमा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने तथा नेतृत्व प्रदान गर्नुपर्ने महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय नेतृत्वविहिन रहनु गम्भीर चिन्ताको विषय हो । जस्तोसुकै राजनीतिक अवस्था भए पनि बालबालिका जस्तो संवेदनशील क्षेत्रमा जिम्मेवार नेतृत्व सुनिश्चित गर्नु राज्यको नैतिक तथा संवैधानिक दायित्व हो । यस क्षेत्रलाई विशेष प्राथमिकता दिने दृष्टिकोण विकास गर्न सरकारसमेत सबै सरोकारवालासँग कन्सोर्टियम नेपाल विनम्र आग्रह गर्दछ ।

हामी विश्वास गर्दछौं कि समावेशी विकास, सामाजिक न्याय, बालमैत्री शासन र उत्तरदायी राज्यव्यवस्था निर्माणका लागि राज्य, नागरिक समाज, निजी क्षेत्र, समुदाय तथा किशोरकिशोरी र बालबालिकाबीचको सहकार्य अपरिहार्य छ । त्यसैले, नागरिक समाजको योगदानलाई कमजोर पार्ने, अनावश्यक भ्रम फैलाउने तथा अविश्वास वृद्धि गर्न सक्ने गतिविधिबाट टाढा रहन सबै पक्षलाई अनुरोध गर्दछौं । कन्सोर्टियम नेपाल भविष्यमा पनि लोकतान्त्रिक मूल्य, सामाजिक उत्तरदायित्व, मानव अधिकार र समृद्ध तथा बालमैत्री नेपाल निर्माण गर्ने साझा यात्रामा जिम्मेवार, पारदर्शी र प्रतिबद्ध साझेदारको भूमिकामा रहिरहनेछ ।

**प्रदिप कुमार लामिछाने**
अध्यक्ष
२० नोभेम्बर २०२५

**बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म**


Consortium-Nepal Secretariat, Buddhanagar, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E:Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np


**१६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान २०२५ : "UNiTe to End Digital Violence against All Women and Girls" – हामी सबै प्रकारको हिंसाविरुद्ध एकजुट भई, सुरक्षित, समान र हिंसामुक्त समाज निर्माणमा कन्सोर्टियम नेपालको दृढ प्रतिबद्धता ।**




कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## आम सञ्चार माध्यममा कन्सोर्टियम नेपाल







## कन्सोर्टियम नेपालले नोभेम्बर २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | विद्यमान अवस्थामा नागरिक समाजको भूमिका र चुनौतीहरु बिषयक छलफल कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग |
| २. | बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८२ को सार्वजनिकीकरण कार्यक्रम | राष्ट्रिय बाल अधिकार परिषद् |
| ३. | बाल अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, सम्मान तथा परिपूर्ति गर्न र बालमैत्री न्याय प्रणाली अभिवृद्धि गर्नका लागि नेपाल प्रहरीको तालीम पाठ्यक्रम र म्यानुअल तथा अभिमूखीकरण कार्यक्रम | राष्ट्रिय बाल अधिकार परिषद् |
| ४. | Meeting on UPR report from Nepal | SAN |
| ५. | Collaboration meeting between Kathmandu University School of Arts and CSOs | Kathmandu University School of Arts |


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं

०१–४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal